☏०५७-५२१८०७

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

प.सं. :- २०७७।०७८

च.नं. :- ६८०

मिति :- २०७८।०२।३०

विषयः **चालू आर्थिक वर्ष २०७७/०७८ को आर्थिक कारोवारको खाता बन्दी सम्बन्धमा ।**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री प्रदेश सभा सचिवालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री भौतिक पुर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री ............ ...................... ....................... .............. कार्यालय, हेटौडा, मकवानपुर ।

प्रस्तुत विषयमा नेपाल सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६१ मा प्रदेश तथा स्थानीय सरकारले आर्थिक कार्यविधि सम्वन्धी कानून बनाउँदा यस ऐनको प्रतिकूल नहुने गरी बनाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । नेपाल सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम ३ मा हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक आर्थिक वर्षको अन्तिम दिन भुक्तानी दिइने छैन भन्ने व्यवस्था रहेको छ । सोही नियमको उपनियम ७ मा प्रदेश तथा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भूक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । तसर्थ चालु आर्थिक वर्षको भुक्तानी दिनु पर्ने रकम २०७८ आषाढ २४ गते भित्र भूक्तानी दिई निकासा बन्द गर्नु हुन र सोभन्दा पछि मसान्त सम्म हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक यस कार्यालयमा भूक्तानी आदेश नपठाउन र खाता बन्दी तथा सालतमाम सम्वन्धमा तहाँ र अन्तर्गतका कार्यालयहरुलाई देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१) आ-आफ्नो कार्यालयको हालसम्मको (बैशाख महिनाको र जेठ महिना व्यतित भए पछि आषाढ ७ गतेभित्र जेठ महिनाको) विनियोजन, राजश्व, धरौटी, र विविध (कार्य सञ्चालन कोष) तर्फको फाँटवारीहरु तयार गरी TSA System बाट प्राप्त फाँटवारी मेल मार्फत लिई भिडान गर्नु/गराउनु हुन ।

२) दायित्व सृजना भई सकेका कामको समयमा नै भुक्तानी दिई आषाढमा एकै पटक भुक्तानी गर्ने प्रचलनलाई निरुत्साहित गर्नु/गराउनु हुन ।

३) सम्पत्ति तथा जिन्सी मौज्दातको लेखाङ्कन PAMS System बाटै अनिवार्य रुपमा गरी मासिक तथा बार्षिक प्रतिवेदनहरु तयार गर्नु/गराउनु हुन ।

४) ठेक्का विल भुक्तानी गर्दा कट्टा गरिएको TDS, धरौटी तथा VAT रकमका चेकहरु समयमा नै दाखिला गर्नु/गराउनु हुन ।

५) EFT कारोवार असफल भए पश्चात Refund गरी के कारणले Reject भएको पत्ता लगाई पुनः भुक्तानीका लागि पेश गर्नु/गराउनु हुन ।

नियन्त्रक

☎०५७-५२१८०७

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

६) चेक भुक्तानीको म्याद १५ दिन मात्र रहेकोले समयमा नै राजश्व, धरौटी, तथा अन्य चेकहरु साट्ने तर्फ विशेष ध्यान दिने व्यवस्था गर्नु/गराउनु हुन ।

७) पेश्की फिर्ता गर्दा बैंक दाखिला गरेको बैंक भौचर नम्बर सहित समायोजन भुक्तानी आदेश पठाउने व्यवस्था गर्नु/गराउनु हुन ।

८) आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुनबाट रोक्ने उद्देश्यले पेश्की दिने वा अन्य खातामा राख्न नपाइने व्यवस्थाको पालना गर्नु/गराउनु हुन ।

९) कार्यालय प्रमुख / प्रशासकीय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए नभएको, लगती तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गराउने व्यवस्था गर्नु/गराउनु हुन ।

१०) RMIS अनुसार राजश्वको बैक दाखिलाको राजश्व आम्दानी बाँधी फाँटवारी अद्यावधिक गराउने व्यवस्था गर्नु/गराउनु हुन ।

११) राजश्व दाखिला भौचरबाट सेवा दिनु पुर्व बैंक दाखिला भिडान गर्नु हुनेछ ।साथै भाद्र मसान्त पछि कुनै पनि राजश्व भौचरको विवरण संशोधन गर्न नसकिने कानूनी व्यवस्थालाई पालना गर्नु/गराउनु हुन ।

१२) कार्यालयबाट जारी भएका चेक तथा EFT हरु आ. व. समाप्त भएको १५ दिन भित्र फरफारक गरी सक्नु पर्नेछ । यदि १५ दिन भित्र चेक नसाटिएमा वा EFT गरेको रकम खातामा जम्मा नभएमा कार्यालयहरुको खर्च घटाई कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा दुवैको हिसाव एकिन गर्ने व्यवस्था गर्नु/गराउनु हुन ।

१३) भूक्तानी पाउने ब्यक्ति/संस्थाको नाम, निजको खाता रहेको बैकको नाम र खाता नम्वर फरक परेको लगायत अन्य कारणले EFT मार्फत भएको भूक्तानी निकासा सम्वन्धित पक्षको बैक खातामा जम्मा नभै आर्थिक वर्ष समाप्त भएमा भुक्तानि निकास माग गर्ने कार्यालय स्वयम् जिम्मेवार हुने व्यवस्थाको कार्यान्वयन गर्नु/गराउनु हुन ।

१४) तोकिएका खर्च शिर्षकमा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिन भुक्तानी बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र पेश गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयन गर्नु/गराउनु हुन ।

१५) आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र कार्यालयको विनियोजन, राजस्व, धरौटी पेश्की बाँकी विवरण भुक्तानी हुन बाँकीको विवरण र सम्पत्ति तथा दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्ने व्यवस्था गर्नु/गराउनु हुन ।

१६) कार्यालयहरुबाट आर्थिक वर्ष भित्र भएको नगदी, जिन्सी तथा अन्य आय-व्ययको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ४५ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्ने व्यवस्था गर्नु/गराउनु हुन ।

हरि प्रसाद उपाध्याय
प्रदेश लेखा नियन्त्रक

**बोधार्थः**

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

श्री महालेखा नियन्त्रक कार्यालय, (कोष प्रशासन शाखा), अनामनगर, काठमाण्डौ ।

श्री प्रदेश लेखा इकाई कार्यालय (कोष तथा लेखा नियन्त्रक कार्यालय): रसुवा, नुवाकोट, धादिङ्ग, त्रिपुरेश्वर, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, चितवन: प्रदेश मातहतका कार्यालयहरु र अख्तियारी मार्फत स्थानीय तहमा विनियोजित बजेट कार्यान्वयन सम्वन्धमा जस्तै: प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको भूक्तानीको लागी सोही अनुसार गर्न जानकारी गराई दिनु हुन ।